# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

**२०७८/०२/२८**

**आठौं अधिवेशन**

**(नवौं बैठक)**

**बाचन पत्र (रीडिङ्ग पेपर)**

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको नवौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, मुख्यमन्त्री माननीय त्रिलोचन भट्टलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (१) बमोजिम प्रदेश सरकारको आ.ब. २०७८/०७९ को नीति तथा कार्यक्रमलाई टेबुल गर्न अनुमती दिन्छु ।

माननीय सभामुख महोदय प्रदेश सरकारले आ.ब ०७८/०७९ को बजेट तयार पारी यस प्रदेश सभाको आठौं बैठकमा प्रस्तुत भैसकेको व्यवहोरा गरीमामय सदनमा जानकारी गराउन चाहान्छु नीति तथा कार्यक्रम माथि छलफल सभामा छलफल हुन पुर्वप्रस्ताव नीति तथा कानुनी प्रावधान बमोजिम माननीय सभामुख को अनुमतिले सुदुरपश्चिमको प्रदेश सभा नियमावली ३६ को उपनियम १ बमोजिम प्रदेस सरकारको आ.ब २०७८/०७९ को नीति तथा कार्यक्रम टेबुल गर्दछु धन्यबाद ।

**माननीय सदस्यहरु,**

"यस सभाको आठौं अधिवेशनको आठौं बैठकमा माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भएकोले उक्त सम्बोधनका लागि यो सभा प्रदेश प्रमुख माननीय गंगाप्रसाद यादवज्यूलाई धन्यवाद ज्ञापन गर्दछ" भन्ने धन्यवादको प्रस्ताव सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

**माननीय सदस्यहरु,**

अब म, धन्यवाद प्रस्तावका प्रस्तावक माननीय अक्कल बहादुर रावललाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

माननीय सभामुख महोदय यश सुदुरपश्चिम प्रदेश सचिवालयको भएकोले उक्त प्रस्तावमा यो सभा धन्यवाद ज्ञापन गर्छु भनि सुदुरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम प्रस्ताव प्रस्तुत गर्दछु धन्यबाद ।

**माननीय सदस्यहरु,**

अब म, माननीय अक्कल बहादुर रावलले प्रस्तुत गरेको धन्यवादको प्रस्तावलाई समर्थन गर्न माननीय दुर्गा कुमारी कामीलाई समय दिन्छु ।

माननीय सभामुख महोदय माननीय अक्कल बहादुर रावलले प्रस्ताव गरेको धन्यबादको प्रस्तावलाइ म समर्थन गर्दछु धन्यबाद ।

**माननीय सदस्यहरु,**

माननीय अक्कल बहादुर रावलले प्रस्तुत गरेको धन्यवादको प्रस्तावलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (३) बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

("हुन्छ" भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

("हुन्न" भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "यस सभाको आठौं अधिवेशनको आठौं बैठकमा माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भएकोले उक्त सम्बोधनका लागि यो सभा प्रदेश प्रमुख माननीय गंगाप्रसाद यादवज्यूलाई धन्यवाद ज्ञापन गर्दछ" भन्ने धन्यवादको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब म, माननीय मुख्यमन्त्री त्रिलोचन भट्टलाई प्रदेश सरकारको आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम माथि सभामा छलफल गरीयोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय  सुप को प्रदेश सभा नियमावली २०७४ को नियम ३८ बमोजिम प्रदेश सरकार आर्थिक बर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम माथि सभआमा छलफल गरीयोस भनि यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म, माननीय मुख्यमन्त्री त्रिलोचन भट्टद्धारा प्रस्तुत गरीएको प्रदेश सरकारको आ.व.०७८।०७९ को नीति तथा कार्यक्रम माथि सभामा छलफल गरीयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

("हुन्छ" भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

("हुन्न" भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सरकारको आ.व.०७८।०७९ को नीति तथा कार्यक्रम माथि सभामा छलफल गरीयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, प्रदेश सरकारको आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ हुन्छ ।

**सर्वप्रथम माननीय रतन बहादुर थापा लाई समय दिन्छु**

माननीय सभामुख महोदय  सरकारको नीति तथा कार्यक्रम आएको छ र त्यो भन्दा पनि गत बर्षको उपलब्धी यसमा आएको छ र मैले सर्सर्ति हेरेको थिए १० लाख पशु हरुलाई शुई लगाको खोप भन्ने रहको छ देश भरी नै यो रहेछ मैले हिसाब गरे आफ्नो क्षेत्रमा ५ हजारलाइ यदि लगायो भने ३२ हजार हुन्छ र बर्षमा तिन पटक लगायो भने पनि साढे ४ लाख हुन्छ । कुकुर बिराला सबै जनावर पर्ने भए र अर्को २५ सयलाइ तालीम दियको भन्ने कुरा रहेको छ मेरो क्षेत्रमा एक जनालाइ पनि दियको छैन किनभन्दा गत बर्ष कोरोनाको महामारी थियो र चैतको महिनाबाट लकडाउन रहेको थियो । कहि तालीमका कुराहरु भएको थिएन तर त्यहा २५ सयलाइ तालीमको कुरा रहेको छ तर त्यो यथार्थ भन्ने कुरा भएर कि भन्ने कुरामा मैले  २ वटा कुरा भनेको र त्यसपछि उपलब्धिको कुरा मा के छ भने पहिलो बर्ष हाम्रो चौघ किलो मीटर पिच भएको छ हाम्रो यो प्रदेशमा र अहिले ११० किलो मीटर पिच भएको रहेछ नेपाल सरकारले ४५ सय किलो मीटर पिच गरेको अवस्था रहेको च यो तिन बर्षमा र हाम्रो यहाँ हेर्दा खेरी तिन बर्षको हेर्दाखेरी लगभग ढाई सय पनि पुग्छ कि पुग्धेन । पुल २ वटा बनाको रहेंछ त्यो मध्येको पनि २ वटा पुल मेरो क्षेत्रमा पर्छ एउटा कहा पर्यो थाहा भएन र अरु खासै किताव हेर्दा केरी त्यो खालको उपलब्धी ठुलो त्यो खालको हामीले गर्ब गर्न पर्ने हाम्रो गर्बका योजनाहरु पनि छन भनियको छ त्यो खालको मैले यसमा देखेन र आउदो बजेट मा ३०६ वौटा बुदाहरु त्यसमा रहेको छ यो सबै कुराहरु लगायर किताब पनि राम्रो बनेको छ तर पहिलो बर्षमा धेरै कुराहरु आउने र बर्षमा केहि घट्दै जानु पर्ने हो तर त्यो भएको छैन गत बर्ष मैले भनेको थिए एउटा केहि  नभए पनि २ करोडको हल त यो कैलाली जिल्लालाई चाहेको छ सामुदायिक भवन ताकि कार्यक्रम गर्नको लागि सानो भए पनि राम्रो हो भनेको थिए बनेको छ कि छैन थाहा भएन यो आभाश कुन ठाउमा हो मुख्य मन्त्री यकिकृत आवास आएको छ  र केन्द्रले ५३० वटा बनाको भनेको छ र आप्रवाशि प्रदेशले ६० वटा कुरा आएको छ धेरै ठाउमा पनि बनाउन सकिन्थ्यो त्यो खालको उपलब्धिहरु धेरै गरेर पछि के गर्ने भन्ने खालको उपलब्धिमा पनि हाम्रो त्यसतो केहि देखिएको छैन र प्रदेश सरकार अहिले जनताले के भनिरहेको छ भने प्रदेस सरकार अहिले गोठ भैरहेको छ भनेको छ र बोझमा यो हाम्रो प्रदेश १

नम्बरमा आउछ जस्तो मलाइ लागेको छ किनभने मैले यो ५ नम्बर प्रदेशमा एउटा माननीय को १५ वटा पुल परेको छ हामीले बनाउने ठुला ठुला पिच बाटाहरु ठुलो काम हो हामीले गर्न सकेको छैन हामीले एउटा सानो हल त निर्माण गर्न सकेका छैनौ  सामान्य नगरपालीकाले गर्ने ग्राभेल बाटोहरु पनि बन्यो होला त्यसमा ग्राभेल बाटोको कुरा छैन राम्रो  खासै ठुलो उपलब्धीका कुराहरु देखिएको छैन हामीले अस्पतालको कुराहरु अब आउने कोभिड सँग लड्नकोलागि अस्पताल बनायर होइनकि त्यलाइ न आउन दिने उपायहरु धेरै छन मलाइ लाग्छ हामी घरमा बसेर हामीले स्वास्थ्य कर्मचारी राखेर यस्तो गर्दा खेरी कोरोनाबाट हामी वच्न सकिन्छ भँन्ने मलाइ लागेको छ मैले आफ्नो पनि एउटा एक्सपेरीयन्स गरेको छु दिनभरी पटक पटक तातो पानी खानाले मात्र पनि धेरै कम भएको छ र सामान्य घरेलु औषधिबाट पनि सन्चो भएको मैले देखेको छु धेरै मान्छेहरु कति मान्छेहरु अस्पताल नआएर बितिसकेको अवस्था छ यसको हामी सँग डाटा छैन हाम्रो यहाँ करीब ५०० मान्छे मरेको डाटा रहेको छ तर त्यो यकिन डाटा होईन धेरै मान्छेहरु त अस्पताल नै नआएर बितेका छन त्यसको हामी सँग डाटा छैन हामीले नेपालको कन्टेष्टको कुरामा के छ भने हमी सँग कहिल्यै पनि डाटा सहि हुदैन हामी सँग जहिले पनि झुटा डाटाहरु हुन्छन रझुटा कुराहरु हुन्छन र जसले गर्दा यथार्थ के हो भन्ने कुराहरु थाहा हुदैन र हाम्रो भविष्य के भन्ने कुराहरु वास्तवमा के गर्छौ बजेट बनाइसकेपछि प्राथमीकताको कुरा हिजो आएको थियो अब नीति र कार्यक्रममा हमीले के गर्न सक्छौ त्यो मात्र बनाउ धरै नबानाउ मैले यो शुरुको नीति र कार्यक्रममा मैले भनेको थिए ३२ बुदे मेले कार्यक्रम पेश गरेको थिए मैले अझै पनि हेरीरहेको छु त्यो आफ्नो कहि कतै सम्बोधन भयो कि भनेर कहि कतै देखेको छैन हाम्रो पनि एउटा भिजन रहेको छ र त्यो अनुसार भएको छैन र कुनै पनि मुख्य मन्त्रिले सांसदले हरेक कुरामा आफैले बिज्ञ भएर बनाउने होइन हामी सँग बिज्ञ हरु रहेका छन लोकसेवा आयोग को त्यहा लेखेको छ यो बनाको छ तर यसको कलाम शुरु गरेको छैन योजना आयोग हामीले बनाको छ तर केहि शुरु भएको छैन तलब भत्ता खानलाइ त हामीले थुप्रै बनाका छौ नेता हरु देखि लीयर सबै मान्छेहरु अहिले हमी राज्यको तलब खानमा प्रख्यात रहेक छौ तर तलब खाय बापत के दियौ त राष्ट्रलाइ भन्दा खेरी हमीले दिन सकेको छैन यदि हामी राष्ट्रको सेवक अथवा राष्ट्रको भविष्य जनताका निर्माता हौ अथावा सेवक हौ भन्ने ठाउमा हामीले शोशित गरीरहेका छौ राष्ट्रिय ढुकुटिलाइ हामीले प्रयोग गरेका छौ र तलब खायको वडि देखिएको छ र त्यो अनुसारको प्रबृति हामी यो भएको म बाट भएको देखेको छैन यो प्रदेशमा हामी एकत रहेका छौ र प्रदेशले गर्ने हो भने राम्रो कुराहरु हमी सँग पनि आउने थियो र केहि कुराहरु जो दियको त्यलाई हामीले प्रयोग गरेको सांसदको ईजत बचेको छ यो पाली छ कि छैन त्यो आउला अली अली बजेटमा त्योले सांसदको यसो एक दुई वटा कुरा राख्ने बाहेक त्यसतो छैन र बजेट राम्रो आवस बजेट आवस हामीले दिने सुझाव हो राम्रो राम्रो दिन भन्दा पनि सुझाव चाहि तितो नै दिनपर्छ ताकि तितो सुझावलाइ पनि राम्रो होस भन्दै यति कुरा राख्दै यो नीति कार्यक्रमको सफलता हो भन्ने कुरा राख्दै मेरो कुरा यही अन्त गर्न चाहान्छु धन्यवद ।

**माननीय गोविन्द राज वोहरा**

माननीय सभामुख महोदय, बजेटको नीति तथा कार्यक्रम मा प्रबेश गरीसकेका छौ र यो आउदा नयाँ ईनर्जी आउछ र त्यो आवस भन्ने हामी चाहन्छौ । तर कत्तिको आउन सक्छ भोली बजेट आउदा खेरी हाम्रो सुझाव रहेको छ यो सरकार अगाडि बढोस । माननीय सभामुख महोदय हामी न्युज च्यानलमा हेरीरहेका छौ सामाजिक सञ्जालमा २-३ दि भित्र बंगालको खाडि बाट एउटा ठुलो बर्षातको समय आउदै छ भारी बर्षा नेपालमा पनि हुन सक्छ बाढि पहिरो आउदै छ त्यसको लागि यो सरकार सचेत रहेर नेपाली जनताको उद्धार गर्नको लागी अहिले नै बजेट बनायर लागोस भन्ने मेरो सोच छ । हामी बजेट धेरै चोटि ल्याईसकेका छौ यसमा निरन्तरता देखिएको छ त्यो बाहेक केहि देखिएको छैन बजेटले जु तागत दिन पर्ने हो त्यो तागत दिन सकेन भने यो प्रदेश निराश हुन्छ हामीले देखिरहेका छौ यसै हल भित्रको कुरा गर्ने हो भने यहि प्रदेश बाट सरकारको जननी भएको हो हाम्रो हलत बितिसक्यो आज तिन महिना मात्र बाकि  रहेको छ पार्टिहरु फुटेको छ जसपा एकअर्कामा कारबाही गरेर २ वटा हुने अवस्थामा रहेको छ र नेकपा नेकपा एमाले र माओवादि भैसके अझ नेकपा एमाले पनि केके भै रहेको च यसै बेन्चमा बिरोधि बेन्चमा बसौ भने त्यहा ठाउ छैन सरकारले यता तिर ध्यान पुर्याउन पर्यो हाम्रो के अवस्था रहेको छ हमी कुन अवस्थामा गुज्रिरहेका छौ त्यो कुरा हेर्न जरुरी रहेको छ यो प्रदेशमा प्रदेश सभलाइ कसरी सक्षम र शसक्त बनाउने यसलाई बलीयो कसरी बनाउने यसको बिषयमा सरकारले सोच्न पर्ने बेला भएको छ मैले यो पढ्दा खेरी कहि पनि भेटेन मैले यो बिषयमा सेवा सुबिधाहरु देखे र यसको मेनेजमेन्ट भन्नेकुरा कहि पनि देखेन किन भने यशबाट सञ्चालन हुने आखिर यो संसद यो र यो बाट सबै कुरा  सञ्चालन हुन्छ र कोभिडको महामारी अगाडि बढिरहेको छ र यो बाट हामी कोहि पनि अछुत रहन सकेका छैनौ र यसबाट म्याक्सिमम बजेट छुट्यार जनताको जिउ बचाउने ज्यन बचाउने कुरामा सरकारको ध्यान जावस त्यतातिर केन्द्रित होस भन्ने मेरो सुझाव हो किन भन्द खेरी ज्यान बचेन भने कस माथि शासन गर्ने शासन गर्नको लागि जनता चाहिन्छ । जनतको गार्जेन सरकार हो जनताले परेको बेला सरकारलाइ गुहार छ यदि सरकारले परेको बेलामा त्यो कुराहरु दिन सकेन त्यसको सामना गर्न सकेन यो कोभिड जुन तरीकाबाट अगाडि बढेको छ त्यसको सामना गर्न सकेन भने हाम्रो हालत के हुन्छ भोली शुदुरपश्चिममा यतातिर  ध्यान जावस भन्ने मेरो अनुरोध हो । गर्नु धेरै रहेको छ गौरवका योजनाका नारा हामीले दियौ यो संसदबाट बारम्बार उठे तर यस्ता योजनामा हामीले कहि कतै त्यो कुरा सुन्न पायका छैनौ सरकारले त्यो कुरा गरोस किन भन्दा खेरी यो संसदको सहयात्रि हामी पनि रहेका छौ हामीले गौरवका साथ यो ५ वर्षको अवधिमा  सरकारले यो यो गौरवका योजनलाइ अगाडि बढायर यो गर्यो भन्ने कुराहरु आउला त्यसमा हाम्रो पनि गौरव हुन्छ त्यसमा हामी सहयोग गर्न प्रतिपक्ष नाताले पनि तयार छौ त्यो भएको छैन यहाँ सम्म कि यसै सदन भित्र नाममा त्यो पास भएको प्रदेशको राजधानि गोदावरीमा जो राखियो त्यसको अत्तो पत्तो केहि छैन अनि त्यो बजेट कहिले छुटयाईयो के भयो त्यहा कुन कुरा अगाडि बढेको आज यो निति तथा कार्यक्रममा त्यसको कहि

कतै सम्बोधन भएको जस्तो मलाइ लाग्दैन हामी यस्तो शुस्त गतिमा हिडिरहेका छौ कहा ध्यान किन पुग्न सकिरहेको छैन यतातिर सोच्न जरुरी रहेको छ तर त्यो राजधानी डिक्लियर गर्न भन्दा अगाडि देउवाको सरकारले त निर्णय त गरेका थिए नी हामी भनेका छौ राजधानी यतै राखौ धनगढिमा नै राखौ जब यहाँ अस्थायि राजधानी भैसक्यो भने स्थायि यसैलाइ बनाउ केहि पुर्वाधार बनेका छन केहि बनाउ हैन भने डोटिमा छदै थियो ।तर चाहिने कुरा के भयो भने गोदावरी जङ्गलमा राख्ने यहाँहरुको २/३ को बहुमतले निर्णय गर्यो बहुमत बाट त्यो निर्णयले आज के रुप लीयो नाई भन्ने ठाउ देखिराख्या छैन भोकमरी खाद्य संकट ब्यापक रुपमा आईराखेको छ यतातिर सरकारको बिशेस ध्यान जावस किन भन्दा कोभिड सँगै यो पनि मान्छेको ज्यानको कुरा हो र यतातिर सरकारले बिशेस ध्यान पुर्यावस र अहिलेको बजेट ध्यान पुर्यायर केन्द्रमा राखेर अगाडि बढोस भन्ने मेरो अनुरोध हो र अर्को हाम्रो लाज मर्दो कुरा सुदुरपश्चिम प्रदेशको लाजमर्दो कुरा के रहेको छ भने छाउपडि प्रथा बिकराल रहेको छ यो देशमा यो देशको सुदुरपश्चिममा हामीलाइ जुन पुर्ब जाँदा खेरी सुदुरपश्चिमको छाउपडिको कुरा उठ्छ यसमा टाउको निहुराउने पर्ने अवस्था आऊछ सरकारले यसमा प्याकेज ल्यायर यसको निर्मुल कसरी गर्न भन्ने कुरा एउटा प्यकेज अहिलेको बजेटमा त्यसको पुरा प्याकेज ल्यायर त्यलाइ सिध्याउने कुरामा जानु पर्छ किन भन्दा खेरी आज महिला को ठुलो समस्या भएको छ हाम्रो प्रदेशमा यसलाइ हेर्न दृष्टिकोण फरक रहेको छ यसको कुन तरीकाले कुन उपाय लीने हो र कति बजेट लगायर गर्ने हो भन्ने मेरो अनुरोध हो हामी सुदुरपश्चिम साच्चिकै जडिबुटिको खानी पनि हो आज यातायात व्यवसाय र होटेल व्यवसाय ठप्प रहेको छ कोभिडको कारणले वास्तवमा त्यसमा लगानी गरेका ब्यक्तिहरु अप्ठ्यारोमा परेका छन बैंकको ब्याज तिर्न अप्ठ्यारो भएको छ यसमा सुदुरपश्चिम प्रदेश सरकारले सोच बिचार गरेर यसमा कसरी यो व्यवसायहरु कसरी राहत दिन सकिन्छ यो कुरामा सरकार अगाडि बढोस जडिबुटि सबैभन्दा हो मैले यो भन्दा अगाडिका सदनमा पनि बोलेको थिए साच्चिकै यो प्रदेशमा जडिबुटि उत्खनन गर्यो भने जडिबुटिको उसमस यो सरकारको ध्यान गयो भने यहाँ एउटा फ्याक्ट्रि खोल्न सकिन्छ जडिबुटिको बनायर र त्यसले यहाँको जनतालाई धेरै फाईदा हुन्छ यकातिर रोजगारी बढ्छ भने अर्को तिर हाम्रो भएको जडिबुटि बाहरी जानु भन्दा देशमा त्यसको उपयोग हुन्छ र त्यसको उपयोग हुन्छ भनेर हामीले बारम्बार बोलेका थियौ यतातिर सरकारको ध्यान गएर बिगतका तिन बर्षमा गएन र अहिले नि यो बजेटमा केन्द्रित भएर आवस भन्ने मेरो अनुरोध हो र सभामूख महोदय सुशान शान्ति सुरक्षा महत्वपुर्न कुरा हो राज्यको शासकले त्यो कुरा महत्वपुर्ण हिसाबले हेर्नु पर्छ पारदर्शिता र भ्रष्टाचार आज हामी भ्रष्टाचारको कुरा गर्दा खेरी कहि नेर त्यसको छेद गर्ने ठाउमा छैनौ सुदरपश्चिम प्रदेशलाइ हेर्दा खेरी बाहिर जनतामा एउटा आवाज उठेको छ यो योजना बेच्ने भन्ने कुरा यो हुन हुदैन यो जुन व्यवस्था सरकारले गर्दछ त्यसलाइ अन्याथा नसोचेर त्यसलाइ अगाडि बढाउन म अनुरोध गर्न चाहान्छु र भ्रष्टाचार न्युनिकरणमा अगाडि बढोस भन्ने मेरो अनुरोध हो । अस्ति एक जना माननीय ज्युले उठाउनु भयो कांग्रेस सत्तामा जाने हाम्रो रहर केहि छैन सत्तामा जाने आफु पार्टि भित्र आफु झगडा गरेर आफु कमजोर भएर सत्तामा गएको कुरा त्यलाइ के कसरी हेर्नु हुन्छ त्यो तपाइको कुरा हो तर मुल कुरा के हो भने यो देशको राष्ट्रियता यो

देशको स्वाभिमानितालाइ बचाउनको लागि कांग्रेस जति बेला पनि अगाडि बढ्छ र तपाईहरुले हामी गर्न सक्दैनौ शासन चलाउन सक्दैनौ भन्ने हो भने कांग्रेस अगाडि बढ्न तयार रहेको छ के कांग्रेसले सत्तामा जान नहुने भन्ने पनि हुदैन यदि त्यो परीस्थिति आयो भने यो प्रदेशमा पनि सत्तामा जाला तर हाम्रो रहर पनि छैन तपाईहरुलाइ म्यान्डेड दियको छ त्यो अनुसार काम गरेर अगाडि बढायो भने हामी त्यसमा खुशि छौ यहाँका जनता शुखि हुन पर्यो यहाँका जनता खुसि हुन पर्यो त्यो जनता  सुखि भयो भने हामी त्यसैमा सुखि छे र हामी त्यहि कुरालाई व्याख्या गरेर हिड्न तयार रहेका छौ हामी यो सरकारले गरेका राम्रा कामलाइ कन्जुसाई गरेर बोल्ने हाम्रो होबि पनि होईन र राम्रा कुराका लागि अगाडि बढेका कुरा गर्न सक्छौ त्यो सिद्धान्त राख्न सक्छौ त्यसैले साथिहरुले त्यसता दुबिधामा नपरे हुन्छ धन्यबाद ।

**माननीय कुन्ती जोशी**

माननीय सभआमुख महोदय बार्षिक नीति तथा कार्यक्रम २०७८/०७९ को पेश गर्नु भएको छ र माननीय मुख्य मन्त्री ज्युले टेबुल ग्रनु भएको छ सर्ब प्रथम त धन्यबाद ब्यक्त गर्न चाहान्छु । केहि ढिला त भएको छ त्यहि पनि यो सबै कुर कारण बश भएको कुरा हामी सबैलाई रहेको कुराहरु छदै छ र माननीय सभामुख महोदय हाम्रो सुदुरपश्चिममा भैरहेको काम बिसेश गरी कामहरुको उपलब्धिको बारेमा पनि यहाँ समेट्ने कुरा गरीयको छ र यसको लागि पनि धेरै धन्यबाद दिन चाहन्छु र उपलब्धिहरुमा अझै केहि बढि भएको र त्यो समेट्न नसकेको हो कि भन्ने महशुस पनि भएको छ मलाइ ब्यक्तिगत रुपमा र यसमा सुझाबको हिसाबले आफ्नो धारणा गर्नको लागि भन्न पर्दा बिशेस गरी सुदुरपश्चिम प्रदेशमा जो कोरोना महामारीको कारणले असाध्यै ठुलो परीस्थिति हामीले बेहोर्न पर्यो र हामीले महाकाली अस्पताल सेति अस्पताल र सबै अस्पतालको बारेमा चर्चा पनि देख्यौ हामीले यसमा र मैले अनुरोध गर्न चाहान्छु हुन त हाम्रो प्रदेशको मातहतमा रहेको  त होईन तर पनि डडेल्धुरा अस्पताल जहा सातै जिल्लाको रीफर भएर आउने अस्पताल हो यसमा पनि प्रदेश सरकारले आफ्नो तर्फबाट गरीने सहयोगको बारेमा सोचोस भन्ने मैले अनुरोध गर्न चाहान्छु अहिलेको कोरोनाको महामारीको बेलामा पनि सातवटा जिल्लामा पुरै व्यहोर्न पर्ने भयो जति वेला डडेल्दुरा अस्पताललाइ समस्या परेको थियो त्यतिबेला नत संघ सरकारले हेर्यो अलीकति सरकारले नगरे अन्य क्षेत्रले त हेरेन त्यहि पनि हामीले पब्लिकको नजरले हेर्दा जति सरकारले  गर्न पर्ने हो त्यति भएको पाईएन त्यसैले मैले बिनम्र का साथ अनुरोध गर्न चाहे हाम्रो सुदुरपश्चिमको हो र सुदुरपश्चिमको भाको कारणले पनि ७ वटा जिल्लाको समबिन्दु भएको ठाउ हो सबै ठाउको सेन्टर पिइन्ट हो त्यसैले पनि यो अस्पताललाई हेरीयोस मैले अनुरोध गर्न चाहन्छु अन्य अस्पताल पनि रहेका छन र डडेल्धुरा जिल्लामा पनि सख्याको ओगटेको जोगबुडा अस्पताल रहेको छ महशुस के ग्रयौ यो बिचमा भने जोगबुडा अस्पताललाइ पनि हेर्न पर्थ्यो हामीले नहरेको अनुभुति गरेका छौ र त्यसै गरेर जोरायलमा आधा जनसख्या भएको देश को केन्द्र बिन्दु भएको ठाउहरुलाइ प्रदेश सरकारले आफ्नो निष्पक्ष ढंग बाट गर्नु पर्छ किनभने जनता हामी सबैका हौ र भोटको हिसाबले हामीलाइ कसले भोट दियो भन्ने नजर वाट नहेरीयोस मैले अनुरोध गर्न चाहान्छु र जोगबुडा र अन्य अस्पतालाइ हेरीनु पर्छ भन्ने बिशेश अनुरोध गर्न चाहान्छू यसै गरी बेरोजगार युवाहरुलाइ हामीले

अस्पतालमा हेर्दा केरी बेरोजगार युवाहरुलाइ भिडभका देख्दा खेरी अस्पतालमा भएको बिरामीको चाप हेर्दा खेरी हाम्रो जनसंख्या यले भ्याएन भन्ने खालको हामीले देखिरहेका छौ रगाउमा हाम्रा पढेका बिद्यार्थिहरु खाली बसेको पनि हामीले देखिरहेका छौ २ वटा कुरालाइ हामीले कसरी मीलाउन सकिन्छ र केहि समय अगाडि हामीले स्वयम सेवक भनेर भर्ना त ग्रयौ यहाँ अस्पतालामा यसको भिड भडाका नियन्त्रण गर्दा खेरी त्यहा स्वास्थ्य कर्मिको अभाव हुने र पढेलेखेका हाम्रा बिद्यार्थिहरुको त्यसै यता उता डुल्न पर्ने अवस्था रहेको कारणले यसको तालमेल कसरी मीलाउन सकिन्छ र यो मीलायो भने हाम्रो लागि नै राम्रो हुन्छ भन्ने सभामुख मार्फत सरकारलाइ अनुरोध गरे  र यसै गरी हामीले उत्पदान मुखि कार्यक्रम त धेरै गर्यौ तर सिचाईमा बिशेस गरी यदि हामीले उत्पादनलाई अगाडि बढाउने हो भने उत्पादनलाई सुदुरपश्चिमको हरेक उत्पादनलाइ गर्ने हो भने खास गरी जहा जे जस्तो खालको सम्भावना रहेको छ त्यहा त्यसतो सिचाईको कुरा त राखियको छ तर यो नै प्रमुख हाम्रो मान्यता राखेर अगाडि बढोस भन्ने अनुरोध गर्न चाहन्छु । सुरक्षामा प्रहरी मेरो साथि भन्ने सुदुरपश्चिम प्रदेश भरी हामीले केहि मीनिट्रकहरु मोटरसाईकलहरु खरीद गर्नको प्रकृयामा त हमीले गर्यौ तर अलीकति उहाहरुको परीस्थित हेर्दा केरी २ घंण्टा २ दिन लाग्दा सम्म पनि यात्रा गर्न पर्ने प्रहरीको जुन अवस्था रहेको छ त्यो यसरी नै समस्या छ त्यसैले यातायातको साधनको कमी भएको छ कि भन्ने हामीले आभाश गरेका छौ यसको निमीत पनि यसलाइ पनि यसको निरन्तरता र पुगेको ठाममा पुर्याउने व्यवस्था गरीयोस हाम्रा डडेरल्धुराको हकमा हेर्ने हो भने भागेश्वर जस्तो हामीले दिन  सकेका छैनौ र प्रशुरामका ठुला डापखेरामा जानु पर्छ र आलीतालका पखेरीहरुमा जानु पर्छ गन्यपधुराका पखेरीहरुमा जानु पर्छ अन्य थुप्रै बिकट एरीयाहरु रहेका छन त्यो भएकोले गर्दा साधनको अली कमी भएको छ अनुभुति भएको छ त्यशै गरी भवनको पनिकमी रहेको छ उहाहरुलाइ बस्नकोलागि पनि सामान्य कतिपय ठाउमा त पालको मुनि बस्न पर्ने देखिएको छ त्यसको लागि पनि हामीले व्यवस्थापकिय पाटोलाइ पनि गराउदा राम्रो हुन्छ भन्ने कुरा मैले सुझाव दिन चाहान्छु सभामुख महोदय मार्फत यसै गरी हामीले यो भन्दा अगाडि रोगबाट बचाऔ र भोक बाट बचाऔ  भन्ने नारा नीति तथा कार्यक्रममा राखेका थियौ त्यसैले मैले अस्ति पनि राखेको थिए मैले अनुरोध गरेको थिए कि रोग बाट वचाउनको लागि केहि त्यस्तो खालको उत्पादनलाइ बिशेस प्राथमीकता दियर अगाडि बढाउनु पर्छ र हिमाली जिल्ला देखि लीयर खडेरको परीस्थिति भएको छ यसको निमीत प्रदेश सरकारले केहि न केहि गरोस भन्ने अनुरोध गर्न चाहे गत बर्ष हामीले लीम्पिधुरा लगायतका सिमा क्षेत्रको सुरक्षा बिकासका कार्यक्रमहरु राखेका थियौ अहिले त्यो कुराहरु छुट्यो कि भन्ने मैले महशुस गरेको छु माननीय सभामुख महोदय मार्फत मैले सरकारको ध्यानाकर्षण गरे । बिशेस गरी अब यिनै कुरा हुन र यो स्नब सेवाको बिस्तार गर्ने भनेको छ यो एकदम राम्रो रहेको छ मैले अनुरोध के गरौ भने जहा यो अली बढि सर्बदङ्ग सर्पले बढि टोक्ने ठाहरु बढि हुन र त्यसतो ठाउमा बढि राख्नु पर्छ भन्ने कुरा मैले सभामुख महोदय मार्फत सरकारलाई अनुरोध गरे मानसिक सन्तुलन गुमायका पनि यो सुदुरपश्चिम प्रदेशमा थुप्रै रहेका छन उनिहरुको र असाह्य बालबालीकाको उद्दार गर्ने त हामीले भनेका छौ तर मानसिक सन्तुलन गुमायको लाई पनि हेर्न जरुरी

रहेको छ त्यो खालको अस्पतालनै सरकारले निर्माण गरोस बन्ने कुराहरु म राखन चाहान्छु र नमुना गाउ आफै बनाउ भन्ने त आयो मैले फेरी दोर्यार भन्न चाहान्छु एक गाउ एक उत्पदान भन्ने सरकारले प्राथमीकता दियर लैजानु पर्छ त्यसपँछि मात्र हाम्रो उत्पादनले व्यवस्थापन हुन्छ र यसको सप्लाई गर्न पनि सजिलो हुन्छ भन्ने कुरा मैले अनुरोध गर्न चाहान्छु र मल खादको हामीले मलखाद लाइ अगाडि बढाउने भन्ने कुरा त गर्यौ तर छाडा चौपायाले कहिलेसम्म कैलाली र कञ्चनपुरले त सास्ति पायको थियो पुरै सुदुरपश्चिमले चौपायाहरुलाई व्यवस्था गर्न सक्यौ भने पनि यसको मलखादको ठुलो सम्भावना रहन्छ यसलाइ पनि सरकारले ध्यान दियोस भन्ने कुरा म सभामुख मार्फत आग्रह गर्न चाहन्छु । माननीय सभामुख महोदय यति भन्दै मैले आफ्ना भनाईहरु बार्षिक नीति तथा कार्यक्रमको पुर्ण सफलता र मैले समर्थन गर्दै बिदा हुन्छु नमस्कार ।

**माननीय लीलाधर भट्ट**

सभामुख महोदय सुदुरपश्चिम प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम हातमा आएको छ र बार्षिक नीति तथा कार्यक्रम भन्दा पनि अघिल्लो बर्ष र पछिल्लो बर्षको समीक्षा कार्यक्रम भनेर राख्दा यलाइ राम्रो होला किन कि यसमा ७६ बुदा सम्म चालु आ.ब को मात्र कुरा राखिको हुदा यलाइ आगामी बर्ष भन्दा पनि यलाइ पढ्ने वित्तकै यो आगामी हो कि यो बर्षको हो भन्ने होला यात यो चालु बर्षको गत बर्षको कार्यक्रमको समीक्षा गर्ने र आगामी बर्षको भन्ने हो भने शिर्षक चाहि एउटा राख्ने र भित्र अर्को गर्ने कुरा यो परम्परागत कुरा रहेको छ यो नहोस भन्ने म सरकारलाई अनुरोध गर्न चाहन्छु । हाम्रो यो मैले धन्यबाद नदिदा खेरी नि साथिहरुलाई अलीकति गाह्रो पनि पर्छ होला मैले अघिल्लो सदनमा यसपाली सरकार आमुल परीवर्तन भएको जस्तो अनुभव भएको छँ मलाइ अब यो किन होला भने पछि कांग्रेसका मीत्रहरुले यलाई अन्यथा को रुपमा लीनु भयो र मैले यो अन्याथाको रुपमा लीयको थिएन कांग्रेसको मौनताले पनि यहाँ केहि केहि प्रष्ट भयो कि हामी क्रान्तिकारी वादमा पुगेका हौ कि भन्ने बारेमा गर्दै एक २ वटा छनक पायको छु र एउटा त लोकतन्त्रको परीभाषा सदनमा परीवर्तन भएको छ । मुख्य मन्त्री ज्युले मज्जाले यसको परीभाषा गर्नु भएको छ र अर्को कुरा के भने मलाइ खुशि के लाग्यो भने कुनै बेला मौलीक स्वतन्त्रताको कुरा गर्दा धार्मिक स्वतन्त्राको शुरुवात गर्दा जब हामी पिडित हुन्थ्यो त्यो को आवाज उठाउने मान्छे पिडित हुन्थ्यौ आज यो सरकारको एजेण्डा के रहेको छ भने देव भुमी सुन्दर ठाउ सुदुरपश्चिम घुम्न जाउ भनेर स्विकार गरेको रहेछ किनभने पहिला देव भुमी भन्दा दिने ठाउ परेको हुदा अहले यो सरकारले ने त्यो ठाउ घुम्न जान स्विकार गरेको र यो कमसेकम क्रान्तिकारी भएको छ र शुरुवात तरी गएका भन्ने कुराहरुले हामीले यसलाइ समाजवाद तिर लैजाने कुरा रहेको छ यो कुरामा म धन्यबाद दिन चाहान्छु यो बुदामा म धन्यबाद दिन चाहन्छु । किनकि यो कुराको बिषयमा स्वतन्त्रता सँग जोडियको भएकोकारणले मैले यलाइ व्याख्या गर्न चाहेन र अर्को कुरा अब सरकारले ल्याका मा यो पढ्ने समय त २५ मीनेट पनि हुदैन ३०८ बुदा रहेका छन ७६ वटा बुदाहरु हटाउदा सम्बोधनको हटाउदा खेरी पनि अब यसका मुख्य कुरा हेर्ने हो भने यसका शब्दावली हुबहु कपि गरेका त झन्डै ३०० नै रहेका छन केहि मलाई लाग्छ र १ गते पछी पनि हिम्मतका साथ

यो कार्यक्रम आउछ्र कि तपाईहरुले कहि कतै बाट कपि पेष्ट गर्नु भयो भन्ने किनकि मैले उदाहरण दिन्छु बुदा न. ९६ मा के लेखियको छ भने बिकास सँग जोडियका रोजगारी कार्यक्रम गरीने छ भने पछि अब दुर्गमका ति गाउपालीकाहरुमा रोजगार कार्यक्रमको बजेट आउने छ भन्ने कुरा नै बुज्ने होला नि हाम्ले त अब यहि कुरा हो भने म धन्यबाद दिउला अर्को कुरा यहाँ के लेखेको छ भने एकदमै सरकारलाई धन्यवाद दिने कुरा मैले के राखे भने प्रदेशमा निजामती कर्मचारीको सेवाको लागि प्रदेशमा निजामति अस्पतालको स्थापना गरीने छ कति राम्रो कुरा यो स्थापना हुने छ यसै पाली प्रशुति सेवा सुचारु गर्नको लागि प्रादेशिक अस्पतालको स्थापना हुने छ २ कुरा एकदम र सेति अस्पताललाइ शिक्षण अस्पताल बनाईने छ यो लेखिराखु पर्ने बिषय पछि सब भन्दा पहिला खोज्नु पर्ने अर्को पहाडि जिल्लामा एक निर्वाचन क्षेत्रमा २५ शैयाको अस्पतालको निर्माण गरीने छ कोरोनाको १० सैयाको अस्पताल बनाउन २ बर्ष नसकियको छ अनि २५ शैयाको अस्पताल बनाईने छ यो साहस देखाउनु भएको छ यसको लागि पनि म धन्यवाद दिन चाहान्छु । किनकि यो बजेट राखेकै होला त्यो भएर हामीले धन्यबाद दिन पर्ने होला अर्को स्थानीय तहको साझेदारीको आधारमा सबै स्वास्थ्य चौकिको स्तर उन्नती गरीने छ बुदा न. १४० अब यो पढ्दै गर्दा त खुशियालीको कुरा राख्नै पर्यो र अर्को बुदामा यहाँ के लेखियको छ भने हाम्रो सामुदायिकको स्थापना गरी यो स्थानिय तहमा पुस्तकालय स्थापना गर्ने छ भने पछि यो नीतिमा रह्योर अब यो पनि राम्रो देखियो र यसपाली हामी देख्छौ यो र अब आफ्नो बुदा आफै काट्ने कुरा रहेको छ १८९ न. बुदा के लेखेको छ भने पछि गोदावरीको राजधानीको लागि वातावरणी मुल्यांकन र जग्गा प्राप्तिलाई निरन्तरता दिने छ ३ बर्ष पछि जग्गा प्राप्तिलाई नै निरन्तरता दिने छ पहिलो बुदामा १९० बुदामा के भनिन्छ भने उच्च पदस्थकारी र मन्त्री जि हरुका क्वाटर निर्माण गरीने छन अब जग्गा प्रप्ति भएको छैनक्वाटर निर्माण गरीने छन त्यस पछिको कुरा त्यसपछिको १९२ मा के लेखेको छ भने सभा समरोह पनि प्रदेशको एउटा ठुलो सभा समारोह सभाहल पनि बनाईने छ भने पछि माथि जग्गा नै प्राप्तिमा लाग्ने छौ र तल हामी भवन नै बनाउने छौ भन्ने कुरा देखिन्छ यसको लागि पनि मैले धन्यबाद दिन चाहे उहाहरुको बजेट धेरै राम्रो होला अर्को १९५ मा के लेख्या छ भने भावास प्रत्यारोपण बिपन्न बर्गको लागी छानको स्थापना गरीने छ भने कार्यक्रम राखियको छ अब यो पनि राम्रो देखे मैले राम्रो देखेको कुरालाई राम्रो पनि भन्न पर्छ किनकि सरकारले एकदम मेहेनतका साथ तयारी गरेको कुरा यो बाट आभास हुन्छ र बजेट कसरी आउछ त्यसपछि थाहा हुन्छ प्रदेश भरी छरीयर रहेका उद्योगलाइ सस्तो अहिले एउटा के गरेको छ भने एक जिल्ला एक बिशिस्ट उद्योगकको लागि ५० लाख सम्म ऋण उपलब्ध गराईने छ भन्या छ यो पनि एकदम राम्रो कुरा रहेको छ बिशिष्ट उद्योगककोलागि उदयोग मन्त्री जि नया आउनु भएको छ उहाले राम्रो कुरा गर्नु भएको छ जस्तो मलाइ लागेको छ संख्या गर्नु भएको छ तर मौद्रिक नीति र ब्याज घटाउने भन्ने कुरा कहि देखिदैन मैले नजानेको कुरा नबुझेको कुरा मैले यो ७६ वटा बुदा लेख्दा केहि छुट्यो कि जस्तो लाग्छ मन्त्री ज्युलाई आग्रह गर्न चाहन्छु यो सस्तो पसल हजरुहरुले बनाको छुट्यो कि अनि यो यहाँ हजरुहरुले आयुरबेदिक क्म्पनी बनाउनु भको थियो त्यो छुट्यो कि ठुलो बस सञ्चालन गर्नु भाको थियो त्यो छुट्यो कि या बह्रम

देउमा एउटा ठुलो स्मृति बनाउनु भएको थियो त्यो कुरा छुट्यो कि भन्ने टाईप गर्न नभुल्नु होला कर्मचारीहरुको सरुवा बढुवा कति गर्नु भएको छ त्यो पनि नभुल्नु होला छुट्यो कि प्रदेशको राजधानिमा प्रदेश रोजगारीको तपाईहरुले अन्तिम चरणमा भन्नु भएको छ यहाँ एउटा बुदा के भन्नु भएको छ भने स्वरोजगार का सेवा ग्राहि अन्तिम चरणमा भन्नु भएको छ मलाई थाहा भएन ति सेवाग्राहि को हुन त्यो सेवा ग्राहि अन्तिम चरणमा भन्नु भएको छ अनि ति कहा पुग्या छन अनि डेढ अर्ब कुन बैंकमा जम्मा गरेको छ । भन्ने पनि यहाँ लेख्न छुट्यो कि कनिभने २ बर्ष अगाडि १ करोड पैसा रहेको छ र त्यो पनि यहाँ छुट्यो कि छुटेको कुरा मात्र गर्छु यहाँ स्वास्थ्य कर्मि सुरक्षा कमी पत्रकार मीत्रलाई जो गत बर्ष तपाईहरुले जोखिम भत्ता दिनु भएको छ भन्नु भाको थियो पक्कै पनि तपाईहरुले बजेटमा त राख्नु भएको छ होला नराख्ने त कुरै भएन यस्तो जोखिममा ज्यान गुमायर हजुरहरुले राख्नु भएको छ होला त्यो कोरोनाबाट मृत्यु भएका परीवारलाई आर्थिक प्याकेजको व्यवस्था गर्नको लागि प्रदेश सरकार पछाडि पर्ने छैन यहाँ छुटे पनि यहाँ लेख्नुहुने छ भन्ने पनि मेरो बिश्वास रहेको छ र पुरै किताबमा एक शब्द उद्योग र व्यापारी भन्ने देखिएन निजि क्षेत्रको लाई एक शब्द यहाँ लेखेको देखिएन र प्रदेश सभा मैले यसको बारेमा पनि प्रदेश सभा र सचिवालयको बारेमा यहाँ एक शब्द लेखेको छैन र यो प्रदेश सभा जसले सिंगो प्रदेशको निर्माण देखि लीयर सरकारको एउटा अभिन्न चलाईरहेको छ यसको लागि काहि केहि कुराको पनि उल्ले ख भएको छैन र यसकोलागि पनि म यहाँ ध्यानाकर्षण गराउन चाहन्छु व्यास गाउपालीका लगायत बाजुराका दुर्गम बिशैस गाउको बारेमा लेखेको थियो पछि पँछि सबैले ताली बजाउदै कालापानी भ्रमणको लागि हवाई जहाज लीयर गएका थियौ अहिले त छदै छ आयो तर आगामी बर्षमा त्यो क्षेत्र मा पुगेको हो कि या त्यो हिसाबले पनि यो बुदा छुट्न गएको हो कि बन्ने आउन र नीति सिद्धान्त फरक छ र सिद्धान्त र कार्यक्रममा ८०% फरक आएको छ र बजेटमा १००% नआवस र पर्सिको आउने बजेटमा छुट्न गएका मैले सम्जाईदियका कुरा पनि यो भित्र आउने छन मैले आशाका साथ बिदा हुन्छु धन्यबाद ।

**माननीय भरत बहादुर खड्का**

माननीय सभामुख महोदय समयको लागि हार्दिक धन्यबाद दिन चाहान्छु । वास्तवमा अहिले हामी अत्यन्त अप्ठ्यारो अवस्थामा मुलुक रहेको छ कोरोनाको कारणले धेरै मान्छेहरुले ज्यान गुमायका छन र यसको असर सम्पुर्ण क्षेत्रमा परेको छ हरेक क्षेत्र आर्थिक रुपमा कमजोर भएको छ जनताहरु उकुस मुकुस रहेका छन र यो अवस्थामा केन्द्र देखि प्रदेश र स्थानिय सरकारको संवेदनशिलतालाई आत्मा साथ गरेर आफुसँग भएको स्रोत साधनको हामीले गर्नुपर्छ किन भने यो महामारीलाई धान्न सक्ने स्रोत साधन नेपालमा छैन मलाई लाग्छ नेपालको स्वास्थ्य संरचना जनशक्तिले यलाई धान्न सक्दैन स्वास्त्य संरचना त वास्तवमा भन्ने हो भने हाम्रो कोलाप्यस भएको छयो चल्ने मात्र हो यसलाई आत्मा सात गरौ यो सबैको साझा कुरा हो सरकारले कोरोनाको बारेमा धेरै ठाउमा यो नीति तथा कार्यक्रम मा बोलेको च र यो बजेटमा कसरी आउछ त्यो हामी हेर्छौं गौरीफन्टा नाकामा पनि पुगेको थिए होल्डिङ सेन्टरको अवस्था दयनिय रहेको छ त्यहा खटायको प्रहरीलाई पाल छैन माक्स छैन र उताबाट आएका

मान्छेहरुलाई यउटै बसमा हाल्ने काम भएको छ हामीले त्यतिसम्म पनि प्रबन्ध भाको छैन जसले आज गाउ घरमा महामारीको रुप लीयर ति राम भरको उसमा बाच्न पर्ने  भएको छ र अर्को कुरा यसबाट धेरै बर्गलाई बिशेस गरेर मजदुरहरुलाई धेरै कठिन परेको छ साच्चिकै भन्दा त अब यो कुरा भोलीको दिनम झन पिडा दायी रुपमा आउन सक्छ सबै कुरा सरकारले नसक्ला तर तिनिहरुको मनोवल नगिर्ने किसिमले हामीले कार्यक्रम ल्याउन पर्ने थियो जस्तो मलाई लाग्छ र जहासम्म हरेक जात जाती  जसरी महिला भयो जनजाती भयो वादि समुदाय भयो राज्यको पहुचमा   पुग्न नसकेका मान्छे का लागी खाली नीति तथा कार्यक्रममा  लेखेर हुदैन किसिमका कार्यक्रमहरु हरेक बर्ष ल्यायर तिनिहरुको जिवन स्तरलाई हामीले कसरी उकास्ने कुराहरुमा जानु पर्छ जस्तो लाग्छ खाली त्याहा लेखेर मात्र हुदैन जस्तो मालई लागेको छ रअर्को कुरा के छ भने देखि प्रदेश सरकारलाई हामीले बारम्बार अनुरोध गरेका छौ कि बजेट जो बिनोयिजन भएको छ त्यसको भरप्रदो बनाउ है मेकानिक मलाई के लाग्छ भने देखि यो बजेट आफैमा १० कम रहेको छ गत बर्षको भन्दा त्यसैले मैले आफैले सुदुरपश्चिमको लागी यो बजेट त्यति उपलब्धि हुने वाला छैन जुन रुपमा ल्याय पनि गत बर्षको जति ३० अरबको बजेट २२ अरबमा सुन्दै छु त्यसैले यो बजेट सुदुरपश्चिमको लागि त्यति उपयोगि हुदैन निराशाको बजेट हुने कुरामा दुईमत छैन त्यसैले जुन बजेट बिनियोजित हुन्छ त्यसको संयन्त्र पनि अहिले सम्म बन्न नसकेको हुनाले त्यसको समयमा पुरा हुन सकेका छैनन् जनताले उपलब्धि पाउछ भन्ने कुरामा म पत्यार गर्न सक्दैन जहा सम्म योजना आयोगको कुरा रहेको च हामी सँग केहि संयन्त्र बनेको तियन योजना आयोग बानय पछि अल्पकालीन दिर्घकालीन योजनाहरु बनाउने कुरा यहाँको सम्भावना के हो त सुदुरपश्चिमको हामीले खाली आदर्शको भाषण गरेर यहाँको जिवन स्तर माथि उठ्न सक्दैन यहाँको सम्भावना जे छ त्यो मा टेकेर पलानेट योजनाको हरु अगाडि बढाउने हो त्यो आधारमा बजेट  को  बिनियिजन  गर्ने  हो  त्यसैले गर्दा योजना आयोग खाली देखाउनको लागि मात्र तलब भत्ता खुवाउनको लागि मात्र हो भने यस्तो योजना आयोगको काम छैन त्यसैले हामीले यसको योजना गरेका छौ अब प्रभावकारी योजना किनभने एउटा हल्का ढंगको योजना त्यो किसिमको होइन अलपकालीन दिर्घकालीन जो योजनाहरुले पछि सम्म पछिल्लो पुस्तालाई पनि उपलब्धि दिन सकोस त्यसैले व्यवस्थित योजना प्रणालीलाई अगाडि बढाउनको लागो योयोजना आयोगलाई अगाडि बढाउन पर्ने आवश्यकता देखिन्छ । अब कृषि क्षेत्रको बिकास र बिस्तार गर्ने हो बने अब कति बोल्नु यहाँ किसानहरुले समयमा मल पाउदैन बिउ पाउदैन मलको लागि ज्यान गुमाउन प्रने अवस्था छ कैलाली र कञ्चनपुर जस्तो उर्वर क्षेत्रलाई हामी समयमा मल बिउ सम्म दिने गरौ न वढि अरु केहि नसके पनि समयमा मल पाउन पर्यो मलाइ लाग्छ किसानहरु समयमा मल नपायर सायद धेरै उनिहरुलाई त्रास भएको छ समयमा मल छैन बिउ छैन अनि उत्पादन बढ्दैन हामीले यो अर्थ तन्त्रलआई त्योले कुनै टेवा पुर्याउन सक्दैन यो पुरानो कृसि प्रणालीले कुनै द्वन्द भयो त्यले केहि हद सम्म हाम्रो अवस्थालाई थेगेको छ हामीले त्यो कुरालाई पनि हामीले मध्यनजर राख्नु पर्च किन भने हाम्रो मुख्य पेशाको रुपमा यो रहेको छ र अरु पर्यटन उद्योग व्यवसायका क्षेत्रहरु सबै प्रभावित छन अब यो गाडिको क्षेत्र बस देखि लीयर सबै खराब भएका छन उद्योगमा काम गर्ने मजदुरको हालत

खराब भएको छ यसैले सबै कुरा यो प्रदेश सरकारले सक्दैन तर यो प्रदेश सरकारको जवाफ देहिता यहाँ पनि प्रदेश सरकार छ भन्ने बर्गलाई महशुस हुनुपर्छ भन्ने मलाई लाग्छ र त्तयसैले गर्दा खेरी अर्को कुरा के हो भने यो हाम्रो बिकासका योजनाहरु पनि बनाउछौ र त्यसको अनुगमन गर्ने क्षेत्र धेरै कमजोर भएको छ अहिले सम्म तयो पाटो नै रहेको छैन मैले भण्ने गरेको छु थर्ड पार्टिको व्यवस्था हुनुपर्छ त्यो ऐन नियमले पनि त्यहि भन्छ र सिद्धान्तले पनि त्यहि भन्छ र संघियतामा हाम्रो धेरै कमजोर रहेको छ र यो नबनाई हुदैन र जनशक्ति बढाउन पर्यो लोकसेवा आयोग पनि हामीले स्थापना गरीसकेका छौ र यो प्रदेशम कस्ता खालका जनशक्तिको आवश्यकता रहेको छ त्यो आधारमा त्यो जनशक्ति पनि पुरा गर्नु पर्छ जस्तो मलाई लाग्छ र सरकारले अब शुस्त गतिमा होईन कछुवाको गतिमा होइन स्पिडमा काम गर्नु पर्छ यो तरीकाले हांमी गन्तब्यमा पुग्न सक्दैनौ यो मेरो सरकारलाई सुझाव हो रमलाई के लाग्छ भन्दा अन्तमा यो शुशान ऐन जो ल्याका छौ हामीलाई किन ऐन बनाउन बनायर बाधिन्छ भन्दा शिष्टममा बसौ एकतिर हामीले शुशासन ऐन बनायका छौ हरेक मन्त्रालय हरेक अफिसहरुलाई त्यो भित्र बाधौ न हामी शुशासन ऐन लाई कार्यान्वयन गरौ अन्तर आत्मा देखि सिस्टम डेभलप हुन्छ ब्यक्तिको प्रधानता होईन सिष्टमको प्रधानता कुनै पनि मुलुकमा जब सिष्टमको प्रभावता अगाडि बढ्छ त्यहा बिधि प्रणाली र वास्तबिक लोकतन्त्रको हुन्छ अब हामी ऐन पनि बनायौ त्यो खाली ऐन का लागि बनायर बनायौ हामीले त्यो मामीलामा त फस्टै छौ भन्ने यो ऐन बनायर सिर्याति हाल्नको होइन ति ऐन जो रहेको छ तिनको प्रभावकारी कार्यान्वयन जसले गर्दा खेरी ति ऐनको प्रभावकारीताले हामीले केहि उपलब्धि दिन सकौ त्यसै;ले सिष्टमलाई प्रभावताको लागि शुशान ऐनलाई अगाडि बढाउ मेरो सुझाव र सरकार सँग नेपाली कांग्रेस यहाँको समस्याको बारेमा बिकासको बारेमा जस्तो अहिले कोभिड छ कोभिडको बारेमा कोहि पक्ष हौला कोहि प्रतिपक्ष हौला सबैको यउटै किसिमको साझा दायित्व हो सरकारले समन्वय गरेर सरकारमा भर पर्छ सरकारले कति समन्वय गर्छ प्रतिपक्षलाई कसरी चलायमान गर्न सक्छ यो कुरामा ध्यान पुगोस नेपाली कांग्रेस सुदुरपश्चिमको जनताको बिकासको लागि र यहाँको जनतालाई आईपर्ने समस्याको लागि जहिले र जुनसुकै सरकार भए पनि सरकार संग सहकार्य गर्न तयार छ धन्यबाद ।

**माननीय महेश दत्त जोशी**

माननीय सभामुख महोदय सु.प प्रदेश सरकारको आ.ब २०७८/०७९ को बार्षिक निति तथा कार्यक्रम प्रस्तुत भएको छ प्रदेश प्रमुख ज्यु बाट समृद सु.प प्रदेश भन्ने मुलनाराका साथ कार्यक्रम आएको छ यो कार्याक्रमको सफलताको शुभकामना दिन चाहान्छु सु.प प्रदेश सरकारले भर्खरै यो सदनमा ३० गते बिश्वासको मत प्राप्त गरेको छ म सुदुरपश्चिम प्रदेश सरकार मुख्य मन्त्री ज्युलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहान्छु र नव नियुक्त मन्त्रीहरुले भर्खरै पदभार ग्रहण गर्नु भएको छ र उहाहरुलाई पनि हार्दिक बधाई र केहि मन्त्रीहरु बिदाई हुनु भएको छ उहाहरुलाइ धन्यबाद दिन चाहन्छु ३०७ वटा बुदामा सरकारको नीति तथा कार्यक्रम आएको छ र यसमा गत बर्षको समीक्षा पनि रहेको छ यस बर्षका कार्यक्रम पनि रहेका छन र दिर्घकालीन केहि योजनाहरु पनि रहेका छन समग्रमा नीति तथा कार्यक्रम प्रदेश सरकारको आर्थिक स्थितिले भ्याउने हिसाबले आएको छ धेरै नाराहरु रहेका छन र

मुख्य मन्त्री जेष्ठ नागरीक महत्वपुर्ण कार्यक्रम हो र सम्बिधन हुनुपर्छ र मेरो आग्रह छ एक बिद्यालय एक नर्ष कार्यक्रम आएको छ यो पनि अति आवश्यक रहेको छ यि कुराहरु बजेटमा छुट्छन कि भन्ने रहन्छन र ति आंशका हरुलाई हटाउनु पर्छ भन्ने सुझाव रहेको छ र नमुना गाउ आफै बनाउ भन्ने महत्वपुर्ण रहेको छ हामी ८८ वटा पालीकामा सयौ गाउहरु होलान तर कुन गाउ लाई नमुना बनाउने हो त्यो मन्त्री परीष्दले निर्णय गर्न पर्छ र यलाई हामी सुरक्षाको कुरलाई पनि उठायका छौ र यो पनि महत्वपुर् कार्यक्रम रहेको छ र यो पनि बजेटमा समावेश हुनपर्छ नारा मात्र दियर हुदैन र महत्वपुर्ण कार्यक्रम बिकासमा रोजगारी सरकारले जुन ल्याको छ यो अत्यन्ते महत्वपुर्ण रहेको छ र सभामुख महोदय अगाडि गुमायको छ र सभामुख महोदय मजदुर बर्गलाई के खाने भण्ने समस्या भएको छ यति बेला यो कुरालाई एउटा कोरोनाको कुरालआई त सरकारले फोकस गरकै छ मैले त्यलाई त्यति दोर्याईन कोरोनबाट जुन रीजगारी गुमेको छ बिहान बेलुकाको छाक टार्ने जोहो टुटेको छ त्यलाई सरकारले कसरी प्राथमीकता दिने हो यो तत्काल दिन पर्ने कुरा छ किनभने मान्छे भोकले मर्ने सम्भावन रहेको छ र योलाई जोड्नको लागि सरकारले बिकासमा रोजगारी भन्ने कुरा जो ल्यायो हाम्रो बिकास कहाकहाहुदै छ कृषि क्षेत्रमा होस भौतिक क्षेत्रमा होस या अन्य क्षेत्रमा होस त्यहा रोजगारी दिन्ने भन्ने कुरा त आएको छ  नीतिमा त आयो तर बजेटमा आउनु पर्यो भन्ने हाम्रो सुझाव आएको छ र सरकारले चाडो गर्नु पर्ने हुन्छ चाहे त्यो निर्माण समीति मार्फत होस उपभोक्ता मार्फत होस या प्राबिधिक रुपले होस भन्ने हाम्रो सम्भावना होस भन्ने मैले अनुरोध गर्न चाहन्छु र महिला सुरक्षा भन्ने कार्यक्रम गृह स्थापना गर्ने भनेको छ भने र हाम्रो प्रदेस स्वस्थ प्रदेश नीतिगत रुपमा रहेको छ र त्यसमा कार्यक्रम के हुन्छ भन्ने कुरा अमुर्त हुन सकेको छैन त्यलाई अमुर्त भयो योलाई मुर्तु रुप दिन सरकारले बजारमा रहनु पर्छ र स्वस्थ युवा प्रदेशको खम्बा भनेको छ र हेल्थि युवा त्यो खम्बा हो भनेको छ र त्यो बजेटमा कसरी आउछ भन्ने हो र त्यो आवस भन्ने हाम्रो सुभकामना रहेको छ । एक घर एक धारा यो महत्वपुर्ण रहेको छ यो स्वास्थ्यको लागि पनि सरकारको महत्वपुर्ण कुरा रहेको छ यलाई हामी क्रमीक रुपमा जाने यो यसै बर्ष सकिन्छ भन्ने छैन यो पुरा होस भन्ने म अनुरोध गर्दछु र यो भिमदत्त पन्त सहिदको नामले उत्कृष्ट कृषक कार्यक्रम यो सम्भव यहि बर्ष रहेको छ र यो बजेटमा होस भिमदत्त को नाम जोडियको च र यो किसान नेता पनि भनेको च र उत्कृष्ट किसानको र खासगरी छुटेको भन्ने कुरा मा रोजगार सिर्जना गर्न सामुहिक कृषिको  सिर्जना कसरी गर्न सकिन्छ त्यस्ता सामुहिक खेति प्रणाली पहाडमा फलफुल खेति र तराईमा अन्न खेति यो पशुपालन लाई सामुहिकतामा यो सरकारले अलीकति छुट्यो कि भन्ने पनि रहेको छ र स्थानीय तहमा औद्यौगिक ग्राम भनेको छ र यो सबै स्थआनीय तहमा नहुन सक्छ र केहि स्थानीय तहमा हामीले यलाई अगाडि बढाउन पर्छ र एउटा जिल्ला एउटा बिशिष्ट उद्योग भन्ने कुरा आएको छ सबै जिल्ला ९ वटै जिल्लामा नहोला तर केहि जिल्लामा जस्तो रासायनिक मलको लगायतको केहि न केहि उद्योगको स्थापना यसै बर्ष होस भन्ने अनुरोध गर्छु । खासगरी सरकारले पुरस्कार भनेर ल्याको छ जय पृथ्वि बहादुर बिद्वान हुन र हाम्रो यो क्षेत्रको मानव अधिकार बादिहरले त्यो पुरस्कार पाउनको लागि बजेटमा पनि नछुटोस र कानुनको अज्ञानता क्षम्मे हुदैन भन्ने

हिसाबले जुन कानुनको जानकारीका लागि कार्यक्रम ठोस रुपमा होस र त्यतातिर संस्थागत रुपमा कानुनको जानकारी हाम्रो प्रदेशमा कति वटा ऐन बने र प्रदेश को ऐनको जानकारीको बिषयमा पनि हामीले जान्नु पर्ने छ र केहि ऐन नियमहरु । अहिले लागु नभईरहेको अवस्थामा छन ति ऐनहरुको बिषयमा पनि कार्यक्रम आवस भन्न चाहान्छु र अन्त्यमा हाम्रो प्रदेश संघियता गै सकेपछि प्रदेशमा राज्यको तिनवटा कार्यकारी रहेको सरकार व्यवस्थापिका कार्यपालीका र न्यायपालीका हाम्रो संघियताको संघमा मात्र हुन्छँ न्याय पालीका कार्यपालीका तर यहाँ छ तर यहाँ व्यवस्थापिका प्रदेश सभालाई यहाँ कतै सम्बोधन भएन मैले सर्सर्ति हेर्दा आफ्नो जननीलाई उपेक्षा गरीयो गर्नु त्यति उपयुक्त हुदैन प्रदेश सभाबाट नै प्रदेश सरकार जन्मेको हो हालाकि त्यति बेलाको ३९ वटा भोट थियो अहिले भोट खटेको छ अहिले ३० वटा मात्र रहेको छ भोट घटाको छ सरकारले ९ वटा भोट मात्र देखियो तर पनि यो बलीयो रहेको छ यो मुख्य मन्त्रीको खास कार्यसफलता उहाको बिद्वता पुर्ण एउटा क्षमता देखियो उहाले यस्तो कठिन घडिमा पनि सरकार टिकाउनु भयो उहालई शब्द हरु प्रयोग गर्ने पनि अहिले पछाडि हटेका छन उहाको यो क्षमताको म मुक्त कण्ठले प्रंशसा गर्दछु र स्थिर सरकार उहाले हाम्रो प्रदेशमा गर्नु भयो र यो सरकार ५ बर्ष पुरै टिकोस भन्ने मेरो सुभकामना रहेको छ र केहि कुराहरुलाई अझै सुधार गर्न म सरकारको आलोचक पनि हु सत्ता पक्ष र मुख्य मन्त्रिको पार्टिको कार्यकर्ता भए पनि मैले बोल्न पर्ने यो सदनमा आलोचनाका कुरा गरेको छु र आजको स्थिर सरकारमा उहाको भुमीका देख्ता खेरी बिरोधिहरु घटेको देख्ता खेरी मलाई गौरवता लागेको छ र उहाको पुर्ण ५ बर्षको हार्दिक शुभकामनाका साथ म आफ्नो भनाई टुंग्याउछु धन्यबाद ।

**माननीय माया तामाङ बोहरा**

माननीय सभामुख महोदय सु.प प्रदेश ले आ.ब २०७८/०७ को निति तथा कार्यक्रम प्रस्तुत गर्नु बयको छ र यसमा म धन्यबाद दिन चाहन्छु र माननीय सभामुख महोदय पुर्ब प्रदेश प्रमुख स्वर्गिय मोहन राज मल्ल ज्युलाई म हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु माननीय सभामुख महोदय कोरोना बाट संक्रमीत भएर स्वदेश तथा बिदेशमा ज्यान गुमाउनु भएका परीवारमा समवेदना ब्यक्त गर्दै शोकाकुल परीवारमा गहिरो समवेदना प्रटक गर्दछु । माननीय सभामुख महोदय संक्रमण भएर उपचार भैरहेका महानुभावमा शिघ्र स्वास्थ्य लाभको कामना गर्छु र कोरोनाको उच्च भागमा रहेर जोखिम नियन्त्रण गर्ने सबैमा म सम्मान गर्न चाहान्छु । बडो बिचित्र छ यहाँ आम नागरीकमा कोरोना भाँईरसको संक्रमण सँघ देखि प्रदेश सम्मको राजनीति र त्यो भन्दा पनि खतरानक भाईरसको संक्रमण भएको देखिन्छ यसमा कसैले राजनीतिक होइन अराजकताको उपहार हो माननीय सभामुख महोदय हामी सबै मीलेर कोरोना भाईरस भित्र आम रुपमा संक्रमण भएर आफ्नो ठाउवा माथि उठाउन म सबैमा आग्रह गर्न चाहन्छू भनिन्छ राजनीतिमा कोहि स्थायी शत्रु र मीत्र हुदैन घटना क्रम सँगै उदाउने र अस्ताउने स्वाभाविक रहेको छ माननीय सभामुख महोदय आ.ब ०७८/०७९ निती तथा कार्यक्रमलाई त्यसलाई प्रभावकारी कार्यान्वयन का लागि जोड दिन हुन माननीय सभामुख महोदय मार्फत म आग्रह गर्न चाहन्छु माननीय सभामुख महोदय नीति तथा कार्यक्रममा जति कुराहरु यहाँ ल्याको छ यो अति महत्वपुर्ण

कुराहरु ल्याको छ र म प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु र  कति कुराहरु बिगतका कार्यक्रम छुटेका छन यसमा सरकारको ध्यान जावस किनभने मैले पहिले देखि नै भन्दै आईरहेको छु संघियता लागु भए देखि हाम्रो महिला तथा बालबालीका सम्बन्धि क्षेत्रमा काम गर्ने कार्यालयहरु बिस्थापित भएको छ यो आ.ब मा जसरी हामीले महिलाको क्षेत्रमा यो सेतो कागजमा कालो अक्षरले बिभिन्न किसिमका आदर्शका कुराहरु लेखेका छौ तर हाम्रो कार्यान्वयनको पक्षमा ध्यान कमी रहेको छ र यसैले म प्रदेश सरकारलाई के बन्न चाहन्छु भने यो कमजोरीहरुलाई कसरी हामीले हटाउने भन्ने कुराहरु ध्यानमा जान जरुरी रहेको छ किनभने हामीले महिलाहरुको बारेमा जति कुरा लेख्नु भएको छ तर कार्यान्वयनको पक्ष एकदम कम भएको छ बिगतको दिनमा शशक्तिकरणका कुराहरु जोडेको थियौ तर कार्यान्वयन पक्ष न्युन रहेको छ र अहिले पनि कति पय टाउमा एकदमै कार्यक्रम नै सञ्चालन हुन सकिरहेको छैन किन भने यो कोभिडको कारणले गर्दा खेरी योलाई सञ्चाल गर्न सकिराखेको छैन तर यो नीति तथा कार्यक्रममा चाहि धेरै कुराहरु हाम्रो तराई हिमाली र पहाडी क्षेत्रमा राखेका छन किन यलाई सबै कुरामा समेटेर राखेको छ तर यसमा एउटा कुरा यसो हेर्दा हिमाली क्षेत्रमा पाइने बहुमुल्य जडिबुटि उत्पादन प्रशोधनको लागि यो नीति तथा कार्यक्रम मा समेटको देखिएन र यो बजेटमा समेट्न जरुरी देखिन्छ भन्दै बिदा हुन्छु धन्यबाद ।

**माननीय दिव्यश्वरी शाह**

माननीय सभामुख महोदय आठौ अधिवेशनको नवौ बैठकमा उपस्थित माननीय मन्त्री ज्युहरु सर्ब प्रथम पहिलो प्रदेशका प्रदेश प्रमुख मोहन राज मल्ल ज्युको निधनले जन ईष्टमीत्र सहितर मर्माहित भएर हामी बाट एउटा दिप निभेको छ हामी सँगै सबैले समवेदना टक्र्याका छौ बैकुण्ठ बास होस अल बिदा । माननीय सभामुख महोदय संसारको महामारी बाट हाम्रा दाजुभाई जुनसुकै देशमा रहेता पनि कोरोनाको कहरले देहबंगत भएका भाईहरु नेपाली दाजुभाईहरुलाई श्रद्धाञ्जली दिन्छू । अस्पतालमा रहेका बिरामीको उपचारको कामना गर्न चाहान्छू सभामुख महोदय । सुदुरपश्चिमको कार्यक्मरले प्रदेश सुहाउदो बजेट आएको छ जस्तो लागेको छ माननीय सभामुख महोदय अहिलेको टड्कारो समस्या भनेको कोरोनाको रोकथामको लागि सुदुरपश्चिमका प्रत्येक नाकामा होल्डिङ सेन्टन बनाउनपर्छ भन्ने माग गर्न चाहान्छु किनभने अहिले जति पनि हाम्रो देशमा कोरोना फैलीयको छ भारतबाट आउने अथवा बिदेश वाट आउने नाकाबाट नै भित्यको हो होईन भने हाम्रो नेपाल अछुतो नै थियो र यो बनाउन पर्ने आवश्यकता देखेको छु मैले । माननीय सभामुख महोदय सेति प्रादेशिक अस्पतालमा मैले देखे कि सरसफाईमा ध्यान दिन पर्छ ईमरजेन्सिमा माथिको ढलान फुटेर तलको पाईखानामा पनि धारा त मैले देखे माथिवाट टोईलेटको पानि चुहिरहेको मेरो पनि ईमरजेन्सि थियो एक जनालाई लीएर गएको थिए गएको हात धुदै थिईन यसो कपडा उठायर हेर्नुस त तपाई को हुनुहुन्छ हाम्रो यस्तो अवस्था रहेको छ हामीलाई नुहाउने ठाउ छैन माथिबाट पानी चुहिराखेको छ भने त्यसपछि त्याहाको अध्यक्ष को हो त्यलाई बोलाउ भने मैले पनि सिरीयस बिरमी भएको कारणले त्यतातिर ध्यान दिनपाएन मैले पत्रकार नै सम्मेलन गर्छु भन्ने सोचेको थिए त्यति गर्दा म आफै पनि बिरामी भए त्योले गर्दा त्यो प्रादेशिक अस्पताल

कोरोना का बिरामीहरुलाई पनि राख्ने गरेको छ त्यहा कोभिडको खोप लगाउन पनि जाने गरेका छन त्यो फोहोरमा नभएको रोग पनि त्यहा फैलीन सक्छ त्यो भएको कारणले यो प्रदेश अस्पिटललाई एकदम सुधार गर्ने पर्ने मैले देखेको छु र कैलाली र कञ्चनपुरमा व्यवस्था मीलयाको खण्डमा महामारीबाट सबै आर्थिक क्षेत्रमा भएका आर्थिक टेवा पुग्ने कारयक्रम होस र ठोस रुपमा बजेट आवस भन्ने धारणा राख्दछु र सरकारले बजेट ल्याउदा सन्तुलीत र सदनलाई न्यायोचित हुनुपर्छ जस्तो लाग्यो संसदहरुलाई बडि जवाफ देहि हुने बजेट ल्याउन पर्छ महिला आदिवाशि पिछडियका बर्गमा पुग्ने गरी बजेट बिनियोजित हुन पर्छ पर्देश सरकार केन्द्रमा र स्थानीय सरकारको बिचमा प्रदेश सरकारले पुलको काम गरेर अगाडि बढेमा राम्रो हुन्छ जस्तो लाग्छ मलाई किनभने प्रदेश सरकार यकातरी कोल्टो परेको च स्थानीय सरकार यकातिर छ र केन्द्र सरकारले मनोमानी गरीरहेको च केन्द्र सरकारको मनोमानीले गर्दा आज यो देशका नागरीकहरु भोकमरीले मर्ने अवस्थामा पुगेका छन र काम कुरो यकातिर कुम्लो बोकि ठिमीतिर भन्ने एउटा उखान रहेको छ त्यहि नै भैराखेको छ सरकारकोके काम रहेको च संघिय सरकारले मन्त्री फेर्ने अब सबैलाई लगेर मन्त्री बनाउनुहोस भन्न प्रयो । अब ब्यक्तिलाई पनि समाउदै लगेर हाम्रो प्रधानमन्त्रीलाई सम्मानीय हुनुहुन्छ उहा र उहालाई बदनाम गर्न चाहन्छौ सम्मान गर्छौं हामी काम गर्न नजान्यो भने त बदनामीत भईन्छ घरमा बदनाम भईन्छ भने उहा त यत्रो देशको प्रधानमन्त्री हुनुहुन्छ त्यसकारणले आजको अवस्थामा भोलीको दिनमा भयाभह दिनहरु आउने छन त्यसको सम्भावना गरी प्रदेश सरकार जनतासँग सम्बन्धित भएको कारणले नै हुन जरुरी रहेको छ कृषि प्रधान प्रदेश कृषि प्रधान देश भएको कारणल३ कृषकलाई बढि ग्राहयता दिन पर्छ र सरकार सम्म पुग्न नसक्ने र मन्त्री भनेको के हो चिन्न नसक्ने साना किसानको लागि धेरै बजेटको बिकास गर्दै किसान सम्म यो प्रदेश सरकारको माननीयहरु के भैराख्या छ जनता सम्म पुगोस भन्ने धारणा राख्दै बिदा हुन्छु धन्यबाद जय नेपाल ।

**माननीय बल बहादुर सोडारी**

माननीय सभामुख महोदय मीति २०७८/२/२७ गते प्रदेश प्रमुख द्वारा सुदुरपश्चिम प्रदेश को तर्फबाट प्रदेश सभा समक्ष प्रस्तुत गर्नु भएको आ.ब ०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रममा यो सदनमा छलफलको लागि टेबुल भएको यो निति तथा कार्यक्रमको हुबहु नीति तथा कार्यक्रमा रहेका ३०७ बुदाले सार्थकता पावस र १ देखि ३०७ सम्मका बुदाहरु र ४७ बुदाका सबै नीति तथा कार्यक्रम पास होस भन्ने सुभकामना व्यक्त गर्न चाहन्छू । यि बुदाहरु सर्सरति हेर्दा यो नीति तथा कार्यक्रमको बजेट कोभिड १९ को व्यवस्था लगायत स्वास्थ्य को क्षेत्रमा भँयर आएको छ नीति तथा कार्यक्रम आएको छ त्यसैले यो अवश्य पनि यो शब्दको रुपमा अक्षरको रुपमा मात्र राम्रो नभएर भोली अंकको रुपमा राम्रो हुने छ भन्ने आशा गरेका छौ र यो भन्दा पुर्ब का नीति तथा कार्यक्रम पनि राम्रै आएका थिए र कार्यान्वयनमा आउन सकिरहेका थिएनन् यो नीति तथा कार्यक्रम कार्यान्वयनमा पनि जावस भन्ने कामना गरेका छौ । माननीय सभामुख महोदय म यसको यो नीति तथा कार्यक्रम पाश होस भन्ने भनाई राख्न चाहान्छु र यो सरकारको मुख्य मन्त्रि ज्यु यहि भएको कारणले केहि आफुलाई दुख लागेका कुराहरु र

समस्याहरु साना कुराहरु राख्न चाहन्छु मैले अस्ति नै बिनियोजित विधेएकमा कुरा राख्दा मुख्य मन्त्री ज्यु हुनुहुन्थेन र हमीले यो सदनमा बोल्दा आफ्ना निर्बाचन क्षेत्रका समस्या राख्दा अहिले सम्म कुनै पनि सम्बोधन भएको देखेका छैनौ यस्ता बिपद हरु जस्तै मेरो निर्वाचन क्षेत्र भित्र गत ब्रष ६ वटा घरमा आगलागि भएको थियो ७१ वटा बाख्रा समेत क्षति भएको थियो धेरै धन र खाद्यान्न नाश भएको थियो यो प्रदेश बाट हाम्रो माननीय बैनि अम्बि कुमारी थापा पनि बोल्नु भएको थियो म पनि बोलेको थिए तर यो प्रदेश सँभाबाट कुनैपनि राहत जान सकेन त्यसतै गाउपालीकाको दाउन्ने भन्ने ठाउमा अहिले पनि ४० घर जोखिममा रहेका छन ठुलो पहिरो आएको थियो त्यसमा पनि अहिले सम्म कुनै राहत जान सकेको छैन र मैले यो प्रदेश सभामा बोलेको थिए जान सकेन त्यो भन्दा पछाडि हाम्रो गत बर्ष भाद्र २ गते जो बाढिले हिमाल पहाड तराईका जिल्लाहरुमा कहि डुबान बाढि पहिरो र कहि मानव क्षति भएको कुरा हामीले यो सदनमा जानकारी गर्न जरुरी छैन एउटा पुस्तक तयार भएको छ दस्तावेजको रुपमा तर अहिले आएर यो राहतको रुपमा अथवा रोकथामको रुपमा यहाँ अस्ति मैले सदनमा सुनायको थिए जलाधार व्यवस्थापनलाई राम्रो बनायर डुबान बाट बाढि पहिरो क्षेत्र डुबानको क्षत्र यवम भर पर्दो बिकासको लागि संरचना गैरसंचना प्रबिधिको उपयोगलआई जोड दिईने छ भनेर यहाँ उल्लेख गरीयको छ यसको ३४ न. बुदामा र यहाँ बाट केहि रकम हाम्रो क्याबिनेटले निर्जन गरेर हाम्रो पहाडि जिल्ला बाजुरा र अछाम र केहि क्षेत्रमा गएको रहेछ  र मेरो मंगलनसेन नगरपालीकाका १६ वटा स्थानिय तह मध्ये ४ वटा मा गएको रहेछ त्यहा ठुला ठुला फाटहुर रहेका छन त्यो सम्बोधन भएन र मैले त्यो बजेट छुट हुन गएको म यहाँ मुख्य मन्त्री ज्युलाई जानकारी गराउन चाहन्छु र अर्को हाम्रो पुर्ब आर्थिक मन्त्री झपट बहादुर बोहरा को जन्मस्थल गाउपालीकाको ३ वटा क्षेत्रमा सबभन्दा बढि क्षति भएको छ रामारोशन क्षेत्रका मानविय क् बढि भएको छ भने त्यो क्षेत्रमा भौतिक क्षेति बढि भएको छ त्यो भाको कारणले जैकट बान्यगढि का तिन नडा र मंगलसेनका छुट्न गएका छन र यो बर्ष भन्दा अगाडि सकिने तयो राहतमा नभए पनि त्यसको  रोकथामको लागि बजेट नभए पनि आगामी बर्षमा सञ्चालन हुने गरी यो पयाकेजको रुपमा समाबेश होस भन्ने म चाहन्छु र अन्तमा र प्रदेश गौरवका योजना हरु समेटिउन भन्दै आफ्ना भनाईहरु टुङ्गयाउछु धन्यबाद ।

**माननीय कुलवीर चौधरी**

माननीय सभामुख ज्यु यस सुदूरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रदेश बाट प्रस्तुत भएर आज मुख्य मन्त्री बाट यहाँ टेबुल भएको छ र यो बिषयलाइ हांमीले छलफलमा अगाडि बढायका छौ यो सु.प प्रदेश यो कार्यक्रम सञ्चालन गर्न लागेको यो चौथो बर्षमा प्रवेश गरीरहेको छ हमीलाई खुसि लागिरहेको थियो संघियता लागु भैसकेपछि हामी केहि न केहि गर्न सक्छौ भन्ने खुसि लागेको थियो तर बिभिन्न कारणबस पहिलो बर्ष पनि राम्रो नीति तथा कार्यक्रम आएको थियो तर प्रदेश सरकार सञ्चलानको लागि व्यवस्था गर्दा केहि न केहि समस्या भएको कारणले केहि व्यवस्थापन हुन सकेन र हमीले प्रतिफल गर्न प्रने योजनाहरु पनि हामीले गर्न सकेनौ र हामी तेस्रो बर्षमा  प्रवेश गर्दा पनि कोरोनाले केहि समयहाँमीले योजना गरे अनुसार कार्यक्रम गर्न सकेनौ । माननीय सभामुख महोदय ज्यु यशपाली

पनि त्यो कोरोनाले गर्दा खैरी हामीले केहि गर्छौं कि भन्ने आसा गर्दा पनि यो सरकारले केहि राम्रा कुरा ल्याउछ कि भन्ने आशा गर्दा पनि नीति तथा कार्यक्रममा निकै राम्रा कुराहरु समेटेको छ यसमा भनियको छ फाटहरुले कसलाई पुग्छ भिरमा पनि फुलीदिन्छु खुशि मात्र कसलाई हुन्छ पिरमा पनि फुलीदिन्छु भन्ने भाचना रआखेक छ त्यो भएको कारणले जुन किसिमको भावना रहेको छ त्यो लाई प्राप्त गर्नको लागि पनि त्यो लक्ष्य प्राप्तिकालागि सु.प प्रदेश सरकारले बिभिन्न क्षेत्रमा बसेका बासिन्दाहरु बिभिन्न आफ्ना समस्याहरुलाई समाधान गरोस र बिभिन्न किसिमका निति कार्यक्रम ल्यावस र यसले हामीले आशा भरोसा गरेका बिभिन्न योजनाहरु पनि हामी प्राप्त गर्न सकौ वास्तवमा भन्दा खेरी रात २ किसिमको हुन्छ एउटा पुर्णिमाको रात एउटा औसिको रात मान्छे चाहान्छ उज्यालो त्यसैले कुनैकुनै ठाउमा उज्यालो नभएर औशिको रात मात्र अनुभव गरीयको छ त्यो भएको कारणले औशिको रातलाई उज्यालो तिर कसरी लान सकिन्छ त्यो कुरालाई पनि प्रदेश सरकारले ध्यान दिन पर्छ त्यो अगाडि बढाउनुपर्छ भन्ने कुरा राख्नु पर्छ न कि हामीले चाहेको सबै कुरा एउटा अर्को पनि गित छ जति माया लाय पनि जतिकसम खाय पनि निष्ठुरीले बाटो लाग्दा भएपछि मन मा पिर त पर्ने नै भयो यो मन त्यसै मर्ने नै भयो भन्ने जस्तो कुरा नहोस । त्यसो भएको हुनाले सबैको चित्त बुझ्दो सबैको चाहना अनुसार प्रदेश सरकारले आगामी दिनका कार्यक्रमहरु अगाडि बढावस र त्यो अनुसार हामी आफुले चाहेको अपेक्षा अनुसारले जनता माथि गएर आफ्नो भावना राख्न सकौ र उननिहरुको चित्त बुझाउन सकौ रआगामी दिनमा यो सरकारको जुन बार्षिक निति र योजना राम्रो हिसाबले बिनियोजन हुन भन्ने भनाई राख्दै आफ्ना दुई शब्द यहि टुङ्गयाउछु धन्यबाद

**माननीय सदस्यहरु,**

प्रदेश सरकारको आ.व.२०७८।०७९ को नीति तथा कार्यक्रम माथि छलफल गर्न निर्धारण गरीएको आजको समय यही समाप्त हुन्छ । बाँकी छलफल मीति २०७८ साल जेष्ठ २९ गते शनिबार दिनको ३:०० बजे बस्ने भएकाले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।